**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक ३, पूर्णाङ्क १०६, आषाढ २०६४

# साफ्टा : आर्थिक विकासको नविनतम आधार



(लेख) शंकर आचार्य*

## (क) परिचय

दक्षिण एशियाली स्वतन्त्र ब्यापार क्षेत्रको छोटकरी नाम साफ्टा हो । यसले सदस्य राष्ट्रहरुबीच हुने आपसी ब्यापार र आर्थिक सहयोगलाई प्रवर्द्धन गरी बढाउने उद्धेश्य लिएको छ । यस्तै गरी सदस्य राष्ट्रहरुबीच ब्यापारमा देखा पर्ने अवरोधहरुलाई न्यून गरी उनीहरुबीचको माल बस्तुको सीमा ब्यापार ओसार पसारलाई सहयोग प्रदान गर्ने साफ्टाको उद्धेश्य रहेको छ । यसका अतिरिक्ति सबै सदस्य राष्ट्रहरुबीच फाइदा पुऱ्याँउनका लागि प्रतिस्पर्धाको विकास गर्ने, साफ्टा संझौताको प्रभावकारी कार्यान्वयन र ब्यापारमा देखापर्ने विवादको समाधान गर्न उपयुक्त संन्यन्त्रको सिर्जना गर्ने र क्षेत्रीय सहयोगलाई अगाडि लग्ने मुख्य उद्धेश्यलिई यो संझौता आफ्नो कार्यक्षेत्रमा ओर्लिएको छ ।

## (ख) साफ्टाका मुख्य कुरा

### १. उत्पत्तिको नियमः-

साफ्टा संझौतामा उत्पत्तिको नियमको ब्यवस्था गरिएको छ । यो नियम सत्र शीर्षकमा विभक्त छ । साफ्टा सदस्य मुलुकहरुमा सौविध्यपूर्वक बस्तुको आवतजावतका लागि यो नियमको ब्यवस्था गरिएको हो । यस नियमले साफ्टा सदस्य मुलुकहरुबीच पूर्णरुपमा सम्वन्धित सदस्य मुलुक भित्रै उत्पादन हुने र अन्य बिभिन्न देशहरुको कच्चा पदार्थको प्रयोगबाट उपभोग्य बस्तुको निर्माणका आधारहरु तय गरेको छ । सम्बन्धित सदस्यमुलुकमा पूर्णरुपमा त्यँहिको कच्चा पदार्थको प्रयोगबाट बनेको र त्यँहि जन्मि हुर्कि बढेको जीवजन्तु, कृषि उत्पादन लगायतका उपजहरुलाई पूर्ण उत्पादित बस्तुको रुपमा सदस्यराष्ट्रहरुमा खुला ब्यापारको रुपमा ब्यवहार गरिने कुरालाई यस नियमले उठाएको छ ।

त्यस्तै पूर्णरुपमा कुनै पनि सदस्य मुलुकमा त्यँहिको कच्चा पदार्थको प्रयोजनबाट बन्न नसकि अन्य देशको कच्चा पदार्थको प्रयोग गरी तयारी बस्तु बनाइ निर्यात गर्दा पुऱ्याँउनु पर्ने प्रक्रियाका बारेमा उत्पत्तिको नियमले भिन्न ब्यवस्था गरेको छ । त्यस ब्यवस्थामा मुख्यत साधारण नियम (General Rule), वस्तु पिच्छे फरक नियम (Peoduct Specific Rule) र क्षेत्रीय सन्चय (Regional Cumulation) रहेका देखिन्छन् ।

**साधारण नियम (General Rule)** :- यस नियमअनुसार कुनैपनि साफ्टा सदस्य मुलुकले आफ्नो देशमा सामान बनाइ अर्को सदस्य मुलुकमा सो सामान निर्यातगर्दा त्यस निर्यातित बस्तुमा कम्तिमा ४० प्रतिशत स्वदेशी मूल्य अभिवृद्धिको साथसाथै ४ अंकको भन्सार दरवन्दी शीर्षकमा परिवर्तन हुनु पर्ने ब्यवस्था गरेको छ । भारत, पाकिस्तान र श्रीलंका साफ्टा अर्न्तगतका विकासशील राष्ट्हरु हुन । नेपाललगायत बंङ्गलादेश, भुटान र मालदिभ्स अतिकम विकसित राष्ट्रको सूचीमा सूचीकृत गरिएका छन् । श्रीलंकालाई सानो आर्थिक आकारको राष्ट्रको आधारमा मूल्यअभिबृद्धिमा ५ प्रतिशत सहुलियत (डेरोगेशन) को सुविधा प्रदान गरिएको छ

* शाखा अधिकृत, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

। त्यस्तै अतिकम विकसित राष्ट्रहरुलाई १० प्रतिशत डेरोगेशन (सहुलियत) को सुविधा प्रदान गरिएको छ । यसर्थ अतिकम विकसित राष्ट्रले निर्यात गर्न चाहेको बस्तुमा ३० प्रतिशत मूल्यअभिबृद्धि तथा चार अंकको भन्सार दरबन्दी शीर्षकमा परिवर्तन गरे पुग्ने ब्यवस्था गरिएको छ ।

यसैगरी उत्पत्तिको नियममा बस्तु पिच्छे फरक नियम (Product Specefic Rule) को ब्यवस्था गरिएको छ । यस नियमअर्न्तगत जम्माजम्मी १ सय ९१ प्रकारका प्रोडक्ट लाईनहरु समाहित गरिएका छन् । यी बस्तुहरुमाथि सबै सदस्य राष्ट्रलाई एकै प्रकारको नियम लागू हुने ब्यवस्था गरिएको छ । यसमा २५ देखि ६० प्रतिशतसम्म मूल्यअभिबृद्धिका साथसाथै चार अंक अथवा ६ अंकको भन्सार दरवन्दी शीर्षक/उपशीर्षकमा परिवर्तन हुनु पर्ने ब्यवस्था गरिएको छ ।

उत्पत्तिको नियममा ब्यवस्था भएको अर्को आधार क्षेत्रीय समन्वय (Regional Cumulation) हो । यसलाई क्षेत्रीय ब्यापार प्रणालीमा क्षेत्रीय ब्यापार अभिबृद्धिको बलियो आधार मान्ने गरिन्छ । साफ्टा उत्पत्तिको नियम ९ ले क्षेत्रीय समन्वयको ब्यवस्था गरेको छ । उक्त नियमअनुसार निर्यातक राष्ट्रले निर्यात गर्न चाहेको बस्तुमा कम्तिमा २० प्रतिशतले मूल्यअभिबृद्धिको साथसाथै चार अथवा ६ अंकको भन्सार दरवन्दी शीर्षक/उपशीर्षकमा परिवर्तन गर्नु पर्नेछ । त्यसबस्तुमा साफ्टा सदस्य राष्ट्रहरुको भने कम्तिमा ५१ प्रतिशत हिस्सा हुनु पर्दछ । बाँकी ४९ प्रतिशत हिस्सा सार्क सदस्य वाहेक अन्य राष्ट्रको भए तापनि स्वतन्त्र ब्यापारको लागि त्यस ग्राह्य मानिने छ ।

**२. सम्बेदनशील वस्तुको सूचीः-**

साफ्टामा सम्बेदनशील बस्तुको सूचीको व्यवस्था गरिएको छ । यस संझौतामा संम्वेदनशील बस्तुको सूची राख्नुको मुख्य उद्धेश्य राष्ट्रिय उद्योगको संरक्षण, अन्य देशको बस्तु आयातमा भन्सारको माध्यमबाट अवरोध, अहिले भैरहेको भन्सार आयमा कमी आउन नदिनु तथा भबिष्यमा आउन सक्ने उद्योगलाई संरक्षण प्रदान गर्नुलाई नै मानिएको छ । यसअर्न्तगत नेपालले विकासशील र अतिकम विकसित राष्ट्रहरुका लागि अलगअलग सूची बनाइ पेश गरेको छ । त्यस सूचीमा विकासशील राष्ट्रका लागि १ हजार ३ सय ३८ र अतिकम विकसित राष्ट्रका लागि १ हजार ३ सय २ (भन्सार दरवन्दी शीर्षक / उपशीर्षकमा उल्लेखित) प्रोडक्ट लाईनहरु समावेश गरिएका छन् । भारत र बङ्गलादेशले पनि यस्तैगरी दुई सूची बनाई पेश गरेको छ । अन्य सदस्य राष्ट्रहरुले भने एकै प्रकारका सूची बनाइ पेश गरेका छन् ।

सदस्य राष्ट्रहरुबाट प्रस्तुत गरिएको सम्बेदनशील बस्तुको सूची ज्यादै लामो भएको महशुस विज्ञहरुबाट गरिदै आइएको छ । हुनत यस सूचीलाई चार-चार वर्षको अन्तरालमा अथवा विज्ञ समूहको बैंठकले आवश्यक ठाने अनुरुप पुनरावलोकन गर्न सकिने प्रावधान छ । तथापी लामो सूचीले गर्दा स्वतन्त्र ब्यापारको मनसाय पुरा हुन नसक्ने विज्ञहरुको ठहर छ ।

वर्तमान अवस्था आर्थिक उदारीकरण तथा विश्व ब्यापीकरणको युग हो । यसैको परिणामस्वरुप विश्व रंगमन्चमा विश्व ब्यापार संगठन लगायतका अन्य क्षेत्रीय संगठनहरुको अवधारणा देखा परेको हो । अहिले जुनसुकै राष्ट्रमा पनि ब्यापारलाई अर्थ ब्यवस्था चलाउने मुख्य इन्जिन मानिदै आइएको छ । गरिबी निवारण, बृहत्तर आर्थिक सहयोग, सामाजिक क्षेत्र विकास, पर्यटन र मानव-मानवबीचको सम्पर्कलाई क्षेत्रीय आर्थिक एकीकरणको मुख्य क्षेत्रको रुपमा लिइएको छ । तसर्थ यी कुराहरुमाथि नै देश तथा जनताको बृहत्तर उन्नति निहित छ, भन्ने गरिन्छ । तर, क्षेत्रीय ब्यापारले राखेका प्रावधानहरुबाट बास्तविक फाइदाको समानरुपमा बाँडफाँडको लागि सदस्य राष्ट्रहरु भने एक अर्का प्रति बढी मात्रामा खुला तथा उदार हुनु अति जरुरी छ । अरु प्रति खुला तथा उदार सम्बेदनशील बस्तुको सूचीको माध्यमबाट समेत हुन सकिन्छ । खुला ब्यापारमा जाने चाहना सबैले राख्ने तर अधिकांश ब्यापारयोग्य बस्तुलाई सम्बेदनशील सूचीमा राखी स्वतन्त्र ब्यापारलाई नै अवरोध पुऱ्याउने कार्य हाल भै रहेको छ । वर्तमान अवस्थामा सदस्य राष्ट्रहरुबाट पेश गरेको सूची ६ अंकको भन्सार दरवन्दी शीर्षक तथा उपशीर्षकमा उल्लेखित ५ हजार २ सय २४ लाईन मध्ये देहाय बमोजिम रहेको छ ।

| देशको नाम | सम्बेदनशील बस्तु | | प्रतिशत (कूल ५२२४ शीर्षक / उपशीर्षकमा) |
|---|---|---|---|
| | अतिकम विकसित राष्ट्रकालागि (संख्या) | विकासशील राष्ट्रका लागि (संख्या) | |
| बङ्गलादेश | १२४९ | १२५४ | २४% |
| भुटान | - | १५७ | ३ % |
| भारत | ७४४ | ८६५ | १६.५५ % |
| मालदिभ्स | - | ६७० | १२.८५ % |
| नेपाल | १३०२ | १३३८ | २५.६१ % |
| पाकिस्तान | - | ११९१ | २२.८० % |
| श्रीलंका | - | १०६५ | २०.३८ % |

**नेपालको सार्क सदस्यसँगको व्यापारिक स्थिति :-** दक्षिण एशियाली क्षेत्रमा लगभग समानरुपको सामान उत्पादन हुने गर्छ । सम्पूर्ण राष्ट्रले आफ्नो देशमा उत्पादित हुने अधिकांश कृषि बस्तुलाई यस सूचीमा समावेश गरेका छन् । यसबाट कृषिबस्तुको बजार प्रवेश एक राष्ट्रबाट अर्को राष्ट्रमा लगभग निषेध गरिएको भान हुन्छ । अर्थात कुनै पनि सदस्य राष्ट्रमा उत्पादित कृषि बस्तुको वजार प्रवेश अत्यन्त कठीन देखिएको छ । विगत वर्षको सार्क सदस्य मुलुकहरुको ब्यापारको स्थितिलाई तुलना गर्दा आर्थिक वर्ष सन् २००१।२००२ मा नेपालले ९८.९ प्रतिशत बस्तुहरु भारतमा मात्र निर्यात गरेको थियो । त्यस्तै उक्त वर्षमा बंगलादेशमा ०.८ प्रतिशत, भुटानमा ०.१ प्रतिशत, पाकिस्तानमा ०.२ प्रतिशत मात्र निर्यात भएको थियो । त्यस्तै तथ्यांक ५ बर्ष अर्थात सन् २००५।२००६ सम्म आइपुग्दा उस्तैउस्तै देखिएको छ । यसैगरी आयातको स्थितितिर आँखा लगाउदा सन् २००१।२००२ मा नेपालले भारतबाट ९८.३ बस्तु आयात गरेको थियो । त्यस्तैगरी अन्य सार्क देशको तथ्यांक हेर्दा उक्त बर्षमा बङ्गलादेशबाट १.१ प्रतिशत, भुटानबाट ०.१ प्रतिशत, पाकिस्तानबाट ०.२ प्रतिशत र श्रीलंकाबाट ०.३ प्रतिशत बस्तु मात्र आयात गरेको थियो । त्यस्तै आयातको तथ्यांक सन् २००६ सम्म आइपुग्दा उस्तैउस्तै रुपमै रहेको पाइन्छ । यस तथ्यांकले भारत नेपालको मुख्य ब्यापारिक साझेदारको रुपमा स्थापित भएको कुरालाई सोझै पुष्टि गर्दछ ।

**सम्बेदनशील सूचीको न्यूनीकरणले सदस्य मुलुकलाई पुग्न जाने फाइदा :-** अहिले क्षेत्रीय ब्यापारसँगको आवद्धता बढीरहेको छ । दुइपक्षीय ब्यापार संझौताको भन्दा क्षेत्रीय ब्यापारमा रहेका प्रावधानहरु कुनै पनि मुलुकका लागि बढी हितकारी हुन सक्तछन् । यस कारण पनि भारतमा नेपालले निर्यात गर्न सक्ने कृषिजन्य बस्तुलाई उसको सूचीवाट हटाउन आग्रह गर्नु पर्ने देखिएको छ । यसबाट मात्र नेपालको वजार सुरक्षित देखिन आउँछ । यसका अतिरिक्त संम्बेदनशील बस्तुको सूची घटाइ बढी से बढी बस्तुलाई खुला ब्यापारको रुपमा आवतजावत गर्न सजिलो पारिनु पर्छ । यो सबैको हितमा रहन्छ । तसर्थ सबै राष्ट्रले क्षेत्रीय ब्यापारले राखेको उद्धेश्यबाट फाइदालिन अरुलाई आफ्नो वजार खुलागर्नु तथा अरुको वजारमा आफ्नो कब्जा जमाउनु आवश्यक छ । यसले गर्दा आयात बृद्धि हुन्छ । आयात बृद्धि हुनु भनेको स्वदेशी सामान उत्पादनकर्तामा प्रतिस्पर्धा बृद्धि हुनु हो । प्रतिस्पर्धाले कार्यदक्षतालाई उजागर गर्छ । अर्कोतर्फबाट अवलोकन गर्दा बढ्दो प्रतिस्पर्धाले उपभोक्ताको वचतलाई बढाउँछ । उपभोक्ताको वचत हुनु भनेको पुनः अर्थतन्त्रमा लगानीको वातावरण बन्नु हो । यसका साथसाथै निर्यातबाट वैदेशिक मुद्रा आर्जन हुन्छ । यसबाट आयातित प्रविधि, पूँजी अनि औजारको पूर्ण उपयोग हुन जान्छ । अन्ततः संगठनस्तरको उत्पादकत्वमा बढोत्तरी आउँछ । यसरी खुला हृदयबाट ब्यापारमा प्रवेश गर्न सकेमा त्यसले नकारात्मक नभै सकारात्मक छाप पार्न सक्ने स्वतः सिद्ध छ । अतः साफ्टाअर्न्तगतका सदस्य राष्ट्रहरुले आआफ्नो तर्फबाट पेश गरेको संम्वेदनशील बस्तुहरुको सूचीलाई तत्काल पुनरावलोकनको लागि अगाडि बढ्नु अति आवश्यक छ ।

**३. राजश्व क्षतिपूर्तिको प्रावधानः-**

स्वतन्त्र ब्यापारको प्रवेशले गर्दा सुरुका वर्षहरुमा अतिकम विकसित राष्ट्रको आन्तरिक राजश्वमा कमी आउने देखिएको छ । आन्तरिक राजश्वको कमीले गर्दा अतिकमविकसित राष्ट्रको अर्थ व्यवस्थालाई प्रभाव

पर्ने स्वतः निश्चित छ । त्यँहि प्रभावलाई केही हदसम्म भए पनि कमगर्न राजश्व क्षतिपूर्तिको प्रावधानलाई साफ्टाले तेस्रो विषय बस्तुको रुपमा उठाएको छ । स्वतन्त्र ब्यापारको क्षेत्रमा यो नियमलाई नौलो मानिएको छ । मालदिभ्सको राजश्वको मुख्य श्रोत भन्सार आयमाथि निर्भर रहेकाले साफ्टा लागू भएको कारणबाट मालदिभ्सको राजश्व आम्दानीको ठूलो अंश घट्न जाने प्रायः निश्चित छ । तसर्थ उक्त अवस्थालाई केही समयसम्म भए पनि परिपूर्ति गर्ने अभिप्रायले यो प्रावधान आएको हुनु पर्दछ । यसैअनुरुप मालदिभ्स वाहेका अन्य अतिकम विकसित राष्ट्रलाई स्वतन्त्र ब्यापार लागू भएपछि चारवर्षसम्म राजश्वमा हुने क्षतिलाई पूर्ति गरिदिने कुरामा विकासशील सदस्य मुलुकहरु सहमतिमा आएका छन । मालदिभ्सलाई भने ६ वर्ष सम्म राजश्व क्षतिपूर्ति दिने ब्यवस्था गरिएको छ ।

यस विद्यमान व्यवस्थाअनुसार सम्वेदनशील बस्तुको सूचीमा उल्लिखित बस्तु बाहेकका अन्य बस्तुहरु आयात गर्दा भन्सार राजश्व घट्न गएमा मात्र क्षतिपूर्ति गरिने छ । क्षतिपूर्तिको लागि सन् २००५ लाई आधार बर्ष मानिने र क्षतिपूर्तिको दर पहिलो र दोस्रो बर्षमा ११ प्रतिशत, तेस्रो बर्षमा ५ प्रतिशत र चौथो बर्षमा ३ प्रतिशत रहने कुरा निर्णयमा जनाइएको छ ।

**४.प्राविधिक सहायताः-**

साफ्टामा प्राविधिक सहायताका विषय समावेश गरिएको छ । यो विषयलाई दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्रले उठाउनुको मुख्य उद्धेश्य विकासशील राष्ट्रहरुले अतिकम विकसित राष्ट्रहरुलाई विभिन्न विषयहरुमा प्राविधिक सहायता प्रदानगरी उनीहरुको उत्पादनशील तथा निर्यातयोग्य क्षमता विकासका लागि सहयोग पुऱ्याँउनुलाई नै लिइएको छ । साफ्टा विज्ञसमूहको बैंठकले प्राविधिक सहायता अर्न्तगत विकासशील देशहरुले अतिकमविकसित सदस्यका लागि क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्ने ठोस निष्कर्ष निकालेको छ । यसैअनुरुप विकासशील देशहरुले अतिकम विकसित राष्ट्रलाई प्रदान गर्ने प्राविधिक सहायतालाई मुख्यतः दश शीर्षकमा विभाजन गरिएको छ ।

यस कार्यका लागि विकासशील राष्ट्रले विभिन्न विषयमा सहयोग प्रदान गर्ने छन् । त्यसमा मुख्यतः गुणस्तर परीक्षण सम्वन्धी, आपसी मान्यता, ब्यापारिक बार्ताका लागि क्षमता अभिबृद्धि तालिम जस्ता विषयहरु उल्लिखित छन् । त्यस्तै कर, भन्सार महसुलसँग सम्वन्धित विषयगत ऐन, नियम, कानून र त्यसको प्रशासनलगायतका अन्य कुराहरुमा प्राविधिक सहायता प्रदान गर्ने कुरालाई कर नीतिको सुधार र विकास शीर्षकअर्न्तगत उल्लेख गरिएको छ । भन्सार कार्यविधिसँग सम्वन्धित विषयमा संस्थागत, ब्यवस्थापनगत सुधारलगायत उत्पत्तिको नियमका विषयमा सहायता प्रदान गर्ने कुरा उल्लिखित छ । विधायिकी र नीतिसँग सम्वन्धित विषयलगाायतका विविध क्षेत्रमा राष्ट्रिय क्षमता बढाउने, ब्यापार नीतिमा सुधारका साथसाथै पशु, मानव र वनस्पति स्वास्थ्य लगायतका ब्यापारलाई प्रभाव पार्ने अन्य विषयमा प्राविधिक सहायता प्रदान गर्ने कुरा पनि प्राविधिक सहायताको शीर्षमा उल्लिखित छ । त्यस्तै भौतिक पूर्वाधारजस्तै वाटो, रेलमार्ग, सुख्खा वन्दरगाहाजस्ता विषयहरुमा अध्ययनगरी तिनीहरुको विकास र विस्तारका लागि सहायता प्रदान गर्ने कुराहरु विविध विषयहरुमा अध्ययन गर्ने शीर्षक अर्न्तगत रहेका छन् ।

खोज तथा अनुसन्धानका कुरामा पनि प्राविधिक सहायता प्रदान गरिने कुरामा विकासशील मुलुकहरु सहमत भएका देखिन्छन् । त्यसमा मुख्यत फेशन डिजाइनलगायत तयारी बस्तु प्याकेजिङका सम्बन्धमा खोज तथा अनुसन्धानका लागि सहायता प्रदान गरिने छन् । निर्यात प्रवर्द्धन शीर्षकअर्न्तगत अतिकम विकसित राष्ट्रका सामानहरुको निर्यात प्रवर्द्धनका लागि ब्यापारिक मेला आयोजनालगायतका अन्य कार्यहरु गरी सहयोग पुऱ्याँउने कुरामा विकासशील सदस्य राष्ट्रहरु सहमत देखिएका छन । लगानी प्रवर्द्धनका लागि विकासशील राष्ट्रले अतिकम विकसित राष्ट्रहरुमा अन्तरक्षेत्रीय लगानी प्रवर्द्धनका लागि सहयोग पुऱ्याँउने कुरामा राजी देखिएका छन् । मानव स्रोत विकास, बस्तु विकासका लागि बजारीकरण र त्यस क्षेत्रमा कार्यरत जनशक्तिको लागि तालिम प्रदानगरी प्राविधिक सहायता पुऱ्याउने कुरामा उनीहरु सहमत छन । निर्यात उन्मुख क्षेत्रका बस्तु विकास र बजार प्रर्वद्धनका लागि अतिकम विकसित राष्ट्रलाई विकासशील राष्ट्रले प्राविधिक सहायताका माध्यमबाट सहयोग पुऱ्याउने भएका छन् ।

साफ्टाको कार्यान्वयन जनवरी १,२००६ देखि भएको छ । जनवरी १,२०१६ देखि यो पूर्णरुपमा कार्यान्वयनमा आउने छ । स्वतन्त्र ब्यापार क्षेत्रले भन्सार महसुल हटाउनु वा न्यून गर्नु पर्दछ । यसै अनुरुप संझौता भएको

मितिले दुई वर्ष भित्र हाल कायम रहेको भन्सारदरलाई घटाउँदै लगि विकासशील देशले २० प्रतिशत र अतिकम विकसित देशले ३० प्रतिशतमा झार्नु पर्नेछ। भन्सार महसुल भारत र पाकिस्तानले ३ वर्ष पछिको ५ बर्ष भित्र, श्रीलंकाले ३ बर्ष पछिको ६ बर्ष भित्र र बाँकी अन्य राष्ट्रहरुले ३ वर्ष पछिको ८ बर्ष भित्र शुन्य देखि पाँच प्रतिशतमा सीमित गर्नु पर्नेछ । यसै अनुरुप भन्सारदरको कटौतीको कार्यक्रम प्रकाशमा आइसकेको छ।

### (ग) साफ्टाबाट नेपाललाई फाइदा :-

यस क्षेत्रीय व्यापारको कार्यान्वयनबाट नेपाललाई सरलरुपमा वजारको उपलव्धता हुनेछ। यसले हाल बस्तु व्यापारलाई मात्र अपनाएको छ। सेवा व्यापारलाई पनि साफ्टामा समावेश गर्नका लागि बैंठकको प्रारम्भ भै सकेको छ। साफ्टाको सफल कार्यान्वयनबाट व्यापार, लगानी र पर्यटनको प्रवर्द्धन हुनगई आर्थिक बृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ। प्रतिस्पर्धाले गर्दा उपयुक्त मूल्य स्थापित हुनेछ। यसले गर्दा उपभोक्ताको हित संरक्षित हुन जानेछ । व्यापार निश्चित नियम कानूनको आधारमा चल्नेछ । प्रतिस्पर्धात्मक वातावरणबाट उपभोक्तमुखि संस्कृतिको विकास हुनेछ । विदेशी लगानीको लागि नेपाल उपयुक्त गन्तव्यस्थल बन्न जान सक्नेछ।

### (घ) साफ्टाबाट नेपाललाई पर्न सक्ने चुनौती :-

नेपाली उद्योग व्यवसायले विश्व बजारबाट आजसम्म पनि सहुलियत खोजिरहेको अवस्था छ । यस्तो अवस्थामा हाम्रा उद्योगधन्दाहरुलाई खरो प्रतिस्पर्धामा उत्रन अवश्य पनि अप्ठारो पर्नेछ। सस्तो आयतबाट देशको उद्योग व्यवसायमा नराम्रो असर पर्न सक्नेछ। यसबाट हालको गरिवी र त्रासदीपूर्ण अवस्था अझ बढ्न सक्नेछ। स्थानीय मौलिक संस्कृति, सामाजिक मूल्य मान्यतामा असर पर्न सक्नेछ। वहुमूल्य प्राकृतिक स्रोत र साधनहरुको अधिक मात्रामा शोषण हुन सक्नेछ। जल यातायातको अभावले गर्दा ढुवानी लागत अन्य देशको भन्दा बढी हुने भएकाले सामानको लागत बढी हुने निश्चित नै छ। परम्परादेखि चल्दै आएका साना उद्योगहरु विस्थापित हुन पनि बेर लाग्ने छैन।

यस क्षेत्रीय व्यापार प्रणालीको कार्यान्वयनबाट भारतसंगको सदियौदेखि कायम रहँदै आएको व्यापार सन्धिमा असर पर्न सक्नेछ । प्रतिस्पर्धात्मकरुपमा तुलनात्मक लाभका बस्तुहरुको पहिचान गरी आफ्नो स्थान सुरक्षितगर्न नसकेमा राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्न सक्नेछ। खुला व्यापारको प्रवेशले गर्दा भन्सार आय कम हुन जानेछ। अतः यसलाई अन्य क्षेत्रमा करकादरहरु बढाई पूर्ति गर्नु पर्नेछ। खोज, अनुसन्धान तथा विकासमा व्यापक लगानी गर्नु पर्नेछ। नेपालको मानवीय संसाधन अत्यन्त कमजोर छ। अतः यसलाई दिगोरुपमा सवल पार्नु पर्ने खाँचो रहेको छ। व्यवसायीहरुमा संरक्षण बादमा हुर्किने वानी परेको छ। अतः संरक्षणबादलाई त्यागि प्रतिस्पर्धात्मक वातावरणमा फाइदा लिन सक्ने बनाउनु परेको छ।

### (ङ) निष्कर्षः-

आजको संसार चुनौतीको पर्खालले घेरिएको छ। जजसले यसलाई ठीक तरिकाले लिई अगाडि बढ्न सक्छन, तिनीहरुले फाइदा लिन सक्नेमा दुविधा छैन। समयको बहावमा जे जस्ता चुनौतीहरु देखिए तापनि क्षेत्रीय व्यापारसंगको आवद्धता अहिलेको आवश्यकता बनि सकेको कुरालाई कसैले नर्कान सक्ने छैन। अतः यसबाट बढीसेबढी फाइदालिन अतिकम विकसित मुलुकको हैसियतले अन्य देशहरुबाट विशेष तथा सहुलियतपूर्ण सुविधा लिन अत्यन्त तदारुकता देखाउनु पर्ने टड्कारो खाँचो देखिएको छ । अतिकमविकसित राष्ट्रको हैसियतवाट प्राप्त सुविधालाई उपभोगगरी फाइदा लिन विदेशी पुँजी र प्रविधि पर्याप्त मात्रामा नेपाल भित्रिने पनि प्रवल संभावना छ। अन्ततः नेपालमा उद्योगद्यन्दाको विकास र विस्तार हुनगई प्रतिव्यक्ति आयमा वढोत्तरी आउँनेछ। फलस्वरुप आर्थिक विकासको नविनतम ढोका विस्तार हुनेछ।

### सन्दर्भ सूची :-


- साफ्टा संझौता।
- साफ्टा विज्ञ समूहको बैंठकका प्रतिवेदनहरु।
- व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रबाट प्रकाशित व्यापारिक तथ्यांकहरु।
- विभिन्न पत्र पत्रिकामा प्रकाशित साफ्टा सम्वन्धि लेखहरु।